
# छात्रा कबड्डी प्रतियोगिता शुरु




दाङ, १९ भदौ- घोराही उपमहानगरपालिका वडा नं.१५ काठेकोलमा रहेको सरस्वती माध्यमिक विद्यालयको आयोजनामा बिहीवारदेखि घोराही उपमहानगरपालिकामा रहेका माध्यमिक विद्यालय स्तरीय छात्रा कबड्डी प्रतियोगिता शुरु भएको छ।

विद्यार्थीहरूलाई खेलकुदबारे जागरण बढाइ उनीहरूको खेलको बिकास गर्नका लागि आयोजना गरिएको मा.वि स्तरीय छात्रा कबड्डी प्रतियोगिता दुइ दिनसम्म चल्ने विद्यालयले जनाएको छ।

सरस्वती माध्यमिक विद्यालयमा काठेकोलमा नर्सरीदेखि १० कक्षासम्म नेपाली र अंग्रेजी माध्यमका दुवै कक्षा सञ्चालमा छन्। कक्षा ११ र १२ मा व्यवस्थापन र शिक्षा संकाय सञ्चालनमा छन भने प्राविधिक धारतर्फ विद्यालयमा अहिले तीन वर्ष डिप्लोमा तह सूचना प्रविधि र २४ महिने निशुल्क आई टि र बाल बिकास सहजकर्ता कार्यक्रम संचालनमा रहेको छ।

# वाणगंगामा 'चिया साथी' क्याफे उद्घाटन




भदौ, १९ (जितपुर) कपिलवस्तु - कपिलवस्तु, वाणगंगा नगरपालिका-१ मा नयाँ क्याफे "चिया साथी" आत्मीयताको सन्देश बोकेको यस क्याफे भव्य समारोहका बीच उद्घाटन भएको छ। उद्घाटनमा यस क्षेत्रका सफल युवा समाजसेवी तथा व्यवसायी आशिष शर्माको विशेष उपस्थिति रहेको थियो।

सामान्य चिया पसलभन्दा भिन्न शैलीमा प्रस्तुत हुने यो क्याफे केवल स्वादिष्ट चिया-कफीको लागि मात्र नभई, मित्रता, आत्मीयता र सामाजिक सद्भावलाई प्रस्फुटित गर्ने थलोका रूपमा विकसित गरिएको छ।

क्याफेको परिकल्पना गरेका समाजसेवी तथा युवा आइकन तिलकराम (टीआर) पाण्डेले व्यवसायलाई माध्यम बनाएर समाजमा सकारात्मक सन्देश फैलाउने उद्देश्य लिएको बताए। "चिया साथी केवल उद्यमशीलताको प्रतीक मात्र होइन, आत्मीयता र सामाजिक समरसता संस्थागत गर्ने एउटा प्रयास हो," पाण्डेले भने।

उनका अनुसार, वाणगंगा क्षेत्रमा युवाहरूले दिनभरको व्यस्त जीवनशैलीबाट विश्राम लिई आफ्ना साथी वा परिवारसँग बसेर संवाद गर्न सक्ने शान्त वातावरणीय स्थलको आवश्यकता महसुस गर्दै आएका थिए। सोही आवश्यकता पूरा गर्न "चिया साथी" जन्मिएको हो। क्याफेमा स्थानीय स्वादलाई प्राथमिकता दिइएको छ भने भित्री सजावटदेखि मेनु सम्ममा मौलिकता र सादगीको मिश्रण देखिनेछ। परिवार, साथी वा व्यावसायिक भेटघाटका लागि सहज र अपनत्वपूर्ण वातावरण तयार गरिएको व्यवस्थापनले जनाएको छ। पाण्डे भन्छन् - ८"हामी व्यापारमा नाफा मात्र होइन, सम्बन्धमा माया खोज्छौं।

# सेयर बजार ६.५५ अंकले घट्दै २७१९ अंकमा पुग्यो



काठमाडौं, १९ भदौ - बिहीबार सेयर बजार ६.५५ अंकले घट्दै २७१९ अंकमा पुगेको छ। दिनको अन्तिम ४० मिनेटमा बजारमा केही सुधार भए पनि सूचक हरियो हुन सकेन।

भारित औसत गणनाअघि बजार एक अंकभन्दा कमले मात्र रातो थियो। तर गणनापछि गिरावट ६ अंकभन्दा बढीमा पुगेको हो। नेप्से २७०३ अंकसम्म झरेको बजार त्यसपछि क्रमशः उकालो लाग्दै केही सम्हालिएको देखियो।

कारोबार रकम भने अघिल्लो दिनको तुलनामा बढेको छ। अघिल्लो दिन ४ अर्ब ७२ करोडको कारोबार भएकोमा बिहीबार ५ अर्ब १४ करोडको कारोबार भएको हो। यस दिन ८५ कम्पनीको मूल्य बढ्दा १६५ कम्पनीको घट्यो र एक कम्पनीको मूल्य स्थिर रह्यो।

समूहगत सूचकमा मिश्रित प्रभाव देखिएको छ। सबै समूहको उतारचढाव १ प्रतिशतभित्र सीमित रह्यो। बैंकिङ, विकास बैंक, फाइनान्स, होटल तथा पर्यटन, लगानी, जीवन बीमा, माइक्रोफाइनान्स, उत्पादन तथा प्रशोधन, निर्जीवन बीमा र अन्य समूहमा गिरावट देखिएको छ भने व्यापार समूह भने बढ्न सफल भयो।

कम्पनीगत कारोबारमा हिमस्टार एनर्जीको मूल्य १० प्रतिशतले बढ्दै सबैभन्दा अगाडि रह्यो विन्ध्यबासिनी हाइड्रोपावर, माथिल्लो मैलुङखोला जलविद्युत् र उपकार लघुवित्तको मूल्य पनि उल्लेख्य रूपमा बढ्यो। तर, बाराही हाइड्रोपावर, पिपुल्स पावर, दिव्यश्वरी हाइड्रोपावर र ग्रिन डेभलपमेन्ट बैंकको मूल्य घट्यो। नेपाल पुनर्बीमा, विन्ध्यबासिनी हाइड्रोपावर, हिमालयन रिइन्स्योरेन्स, युनियन हाइड्रोपावर र हिमालयन डिस्टिलरी कारोबारमा क्रमशः अग्रस्थानमा रहेका छन्।

# नवीनको भवन शिलान्यास



बुटवल,१९ भदौ - नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालयमा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ भक्तपुरद्वारा निर्माण गर्न लागिएको तीन तले बाहकोठे भवनको विहिवार शिलान्यास गरिएको छ।

भवनको शिलान्यास गर्दै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवलको शैक्षिक क्षेत्रमा विद्यालयले छुट्टै पहिचान कायम गरेर बुटवललाई गर्व गर्ने काम गरेकोमा विद्यालयमा कार्यरत विद्यालय प्रशासन, शिक्षकहरूको उच्च प्रशंसा गर्दै विद्यालयको समग्र विकासमा निरन्तरता रहने प्रतिवद्धता व्यक्त गरे।

केन्द्रीय आयोजना कार्यान्वयन इकाइ भक्तपुरका इन्जिनियर सागर पौडेलले विद्यालयको भवन नेपाल सरकारको मापदण्ड अनुसार २०८३ पौष २८ गते सम्म काममा कुनै कमि नआउने गरी सम्पन्न गरी विद्यालयलाई हस्तान्तरण गर्न र उक्त भवनको लागि १६८ सेट डेस्क बेन्च छुट्टै शौचालय समेत रहने बताए। निर्माण व्यवसायी जी.पी. बिल्डर्स प्रा.लि.का इन्जिनियर अर्जुन पाण्डेयले लुम्बिनी प्रदेशमा ५ वटा यहि किसिमका भवन निर्माण गर्ने जिम्मेवारी प्राप्त भएकोमा समयमा नै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गरे। विद्यालयका प्रधानाध्यापक प्रेम बहादुर बस्नेतले हाल सम्मका विद्यालयका सवल पक्षहरू र विद्यालयले सामना गर्नुपरेका चुनौतीहरूको बारेमा धारणा राखेका थिए। बुटवल उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष एवं विद्यालयका संरक्षक राम चन्द्र क्षेत्री, अखिल नेपाल फुटवल संघ (एन्फा) द्वारा अण्डर १४ फुटवलमा छनौट भएका विद्यार्थी अभिक शर्मा लगायतले बोलेका थिए।


## नेपाल आदर्श माध्यमिक विद्यालय

शिवराज न.पा.-१, शिवपुर, कपिलवस्तु

### प्रशिक्षक आवश्यकता सम्बन्धमा ।

सूचना प्रकाशित मितिः २०८२।०५।२०

प्रस्तुत विषयमा शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा, कपिलवस्तुको मिति २०८२।०५।१९ च.नं. ३४२ को करारमा प्रशिक्षक नियुक्तिको अनुमति पत्रानुसार यस नेपाल आदर्श माध्यमिक विद्यालय शिवराज- १ शिवपुर कपिलवस्तुमा रिक्त माध्यमिक तह द्वितीय श्रेणी (कक्षा ११, १२) को पशु विज्ञान विषय (प्रविधिक धार तर्फ) का विषयहरू अध्यापनका लागि निम्नानुसार योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ।

विज्ञापन नं. २०८२/०८३/ ०१

१. पदः प्रशिक्षक

२. तहः माध्यमिक (कक्षा ११,१२)

३. पद संख्याः १ (एक)

४. शैक्षिक योग्यताः पशुविज्ञान विषयमा स्नातकोत्तर (M.V.Sc. & A.H.) र स्नातक तह (B.V.Sc. & A.H.) उत्तीर्ण वा सो सरह ।

५. दरखास्त दस्तुरः १०००।- (एक हजार)

६. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

७. तलब स्केलः नेपाल सरकार माध्यमिक द्वितीय श्रेणीको शिक्षक सरह र प्राविधिक भत्ता ।

-- दरखास्तका साथ नेपाली नागरिकता र शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि पेश गुर्नपर्नेछ।

-- परीक्षाको किसिमः लिखित र अन्तरवार्ता

-- दरखास्त दिने अन्तिम मितिः २०८२।०६।०३ गते शुक्रवार सम्म

-- सम्पर्क मितिः २०८२।०६।०५ गते आईतवार

-- म्याद नाघी आएको वा रीत नपुगेको दरखास्त स्वतः रद्द हुनेछ।

अन्य थप जानकारीका लागिः ९८५७०१४०१५

मुक्तिनाथ पोखेल
प्रधानाध्यापक


# स्काइवर्थको दशैं-तिहार अफर




काठमाडौं, १९ भदौ- केएल दुगड ग्रुपअन्तर्गत नेपालका लागि स्काइवर्थ होम एप्लायन्सेसको आधिकारिक वितरक स्मार्ट एप्लाएन्सेसले दशैं, तिहार र छठ पर्वका लागि विशेष योजना सार्वजनिक गरेको छ। पर्वहरूको उमङ्ग, स्काइवर्थसँग सबै दङ्ग भन्ने नारासहित सुरु गरिएको यस योजनामा उपभोक्ताले स्काइवर्थका सम्पूर्ण घरेलु उपकरणहरूमा ४०% सम्म क्यासब्याक र आकर्षक उपहारहरू प्राप्त गर्न सक्नेछन्।

अफरअन्तर्गत स्काइवर्थका स्मार्ट टिभी, रेफ्रिजेरेटर, वाशिङ मेसिन, एयर कन्डिसनर र चेस्ट फ्रिजर खरिदमा छुटको सुविधा पाउने व्यवस्था गरिएको छ। यसमार्फत उपभोक्ताले चाडपर्वमा आफ्नो घरलाई अपग्रेड गर्न सहज हुने कम्पनीले जनाएको छ।

स्काइवर्थका वरिष्ठ मार्केटिङ अधिकृत विवेक राठीले भने पर्व भनेको परिवारसँग खुसी बाँड्ने समय हो त्यसैले स्काइवर्थले यो खुसीमा अझै खुसी थप्न पर्वहरूको उमङ्ग, स्काइवर्थसँग सबै दङ्ग विशेष छुट योजना ल्याएको र यो ४०% क्यासब्याकको साथमा आकर्षक उपहारले हाम्रा ग्राहकहरूमा पक्कै खुसी थपिने छ।" यो योजना नेपालभर रहेका स्काइवर्थका सबै शोरुम तथा बिक्रीस्थलमा भदौ १५ गतेदेखि कार्तिक १५ गतेसम्म लागू हुनेछ।


## Devdaha Municipality
## Office of the Municipal Executive
Kerwani Rupandehi
Lumbini Province, Nepal

### Invitation for Electronic Bids

**First Date of Publication: September 5, 2025**

1. **Devdaha Municipality** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Procurement of Goods under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Devdaha Municipality Office, Kerwani Rupandehi, Phone No. +977-9857011365 and Email address infra@devdahamun.gov.np** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of each bidding document fee **NRs. 3000.00** in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: NIC ASIA Bank
Name of Account: GA 1.1 – Antarik Rajashwa Khata – Devdaha Nagarpalika
Account no.: **01520029572002**
Office Code no.: Rajaswa (revenue) Shirshak no.:

4. Pre-bid meeting shall be held at Devdaha Municipality, Kerwani Rupandehi at **13:00 on September 28, 2025.**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 October 7, 2025.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:15 on October 7, 2025** at the office of Devdaha Municipality office, Kerwani Rupandehi
7. Bids must be valid for a **period of 90 days** from the bid submission deadline and must be accompanied by a bid security amounting as mentioned below which shall be valid for **30 days beyond the validity period of the bid.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract is as follow:

| IFB No. | Description of Work | Estimated Amount (VAT Not Applicable) | Bid Security Amount |
|---|---|---|---|
| DM/MED/NCB-05/082/83 | Procurement Supply and Delivery of Medicine and Surgical Items for Health Insurance | 82,60,175.37 | 2,10,000.00 |

**Chief Administrative Officer**

## Rohini Rural Municipality
## Office of the Rural Municipal Executive
Dhakdhai, Rupandehi
Lumbini Province, Nepal

### Invitation for Electronic Bids

**Date of First Publication: Sep 5th, 2025 (Bhadra 20th,2082)**

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: **Rohini Rural Municipality** or may visit the rural municipal office at Dhakdhai, Rupandehi within Office hours.

| S. N. | Contract ID | Name Of Project | Minimum Average Annual Construction Turnover NRs. | Minimum Work Experience of Similar Size and Nature NRs. | Bid Security Amount (NRs.) | Account No. for Bid Security | Fee for Bid Document (NRs.) | Account No. for Bid Document fee | Final Submission Date & Time | Bid Opening Date & Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 02/NCB/Works/ RRM/2082-83 | Hulaki Sadak Dekhi Laxmipur Gaun Hudai Bhelai Samma Kalopatre Bato Nirman | 4,00,51,000 | 1,33,50,000 | 8,50,000 | NIC ASIA Bank Ltd, Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002 | 5,000.00 | NIC ASIA Bank Ltd, Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003 | Oct 5th,2025 (Ashoj 19th, 2082) At 12:00 pm | Oct 5th, 2025 (Ashoj 19th, 2082) At 15:00 pm | 150 Days |

• Bidders are instructed to read the corresponding Bid Document carefully before the submission of bid

**Rohini Rural Municipality**
**Office of the Rural Municipal Executive**
Dhakdhai, Rupandehi
Lumbini Province, Nepal

# Invitation for Electronic Bid

रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धकधई, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

**Date of First Publication: Sep 5th, 2025 (Bhadra 20th,2082)**

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: **Rohini Rural Municipality** or may visit the rural municipal office at Dhakdhai, Rupandehi within Office hours.

| S.N. | Contract ID | Name Of Project | Minimum Average Annual Construction Turnover NRs. | Minimum Work Experience of Similar Size and Nature NRs. | Bid Security Amount (NRs.) | Account No. for Bid Security | Fee for Bid Document (NRs.) | Account No. for Bid Document fee | Final Submission Date & Time | Bid Opening Date & Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 02/NCB/Works/RRM/2082-83 | Hulaki Sadak Dekhi Laxmipur Gaun Hudai Bhelai Samma Kalopatre Bato Nirman | 4,00,51,000 | 1,33,50,000 | 8,50,000 | NIC ASIA Bank Ltd, Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002 | 5,000.00 | NIC ASIA Bank Ltd, Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003 | Oct 5th,2025 (Ashoj 19th,2082) At 12:00 pm | Oct 5th,2025 (Ashoj 19th,2082) At 15:00 pm | 150 Days |

- Bidders are instructed to read the corresponding Bid Document carefully before the submission of bid.

**Chief Administrative Officer**
जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत